श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले ०२६।११।२३ को निर्णयानुसार श्री शेषराज आचार्यलाई आयुर्वेद चिकित्सालय नरदेवीको रा.प.प्रा. तृतीय श्रेणी (विविध सेवा) को अधिकृत कविराज पदबाट लुम्बिनी अंचल आयुर्वेदिक औषधालय, रामपुर पाल्पाको समान श्रेणीको प्रमुख कबिराज पदमा सरूवा गरेको छ ।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागको

## सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले देहायका कर्मचारीहरूलाई देहायको पद र कार्यालयबाट नेपाल विविध सेवाको राजपत्रांकित (प्राविधिक) तृतीय श्रेणीको देहायको पदमा कायम मुकायम मुकरर गरेको छ ।

| सि.नं. | नाम थर | साबिक पद र कार्यालय | कायम मुकायम गरिएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री सत्यदेव झा | कविराज, आयुर्वेदीय औषधालय शनिश्चरे बजार, झापा | प्रमुख कविराज, मेची अञ्चल आयुर्वेदिक औषधालय फिकल, इलाम । |
| २. | श्री दिनराज शर्मा | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय दिङला, भोजपुर | प्रमुख कविराज, कोशी अञ्चल आयुर्वेदिक औषधालय जीतपुर, धनकुटा । |
| ३. | श्री रूद्रकृष्ण कर्माचार्य | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय थानसिंह, नुवाकोट | प्रमुख कविराज, सगरमाथा अञ्चल आयुर्वेदिक औषधालय त्रिजुगा, उदयपुर । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८६

| | | |
|---|---|---|
| ४. श्री खेचरनाथ नेपाल | कविराज, आयुर्वेदीय औषधालय मनकामना, गोर्खा | प्रमुख कविराज, जनकपुर अञ्चल आयुर्वेदिक औषधालय कपिलाकोट, सिन्धुली । |
| ५. श्री जयमाधव झा | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय फेनर्वा, नवलपरासी | प्रमुख कविराज, नारायणी अञ्चल आयुर्वेदिक औषधालय रानीगंज, पर्सा । |
| ६. श्री चूडाकान्त मरहट्टा | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय तारूका, धादिङ | प्रमुख कविराज, गण्डकी अञ्चल आयुर्वेदिक औषधालय वेगनास, कास्की । |
| ७. श्री कृष्णप्रसाद पण्डित | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय शिशाघाट तन्हौं | प्रमुख कविराज, धवलागिरि अंचल आयुर्वेदिक औषधालय वलेवा, बागलुङ्ग । |
| ८. श्री दामोदर पौडेल | कविराज जिल्ला प्रमुख आयुर्वेदीय औषधालय लापिलाङ, दोलखा | प्रमुख कविराज, राप्ती अञ्चल आयुर्वेदिक औषधालय भिंगृ, प्यूठान । |
| ९. श्री महेश्वर मिश्र | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय, झापा | प्रमुख कविराज, कर्णाली अञ्चल आयुर्वेदिक औषधालय रास्कोटीवाडा, मुगू । |
| १०. श्री देवीप्रसाद ढकाल | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय तार्कुघाट, लमजुङ | प्रमुख कविराज, भेरी अञ्चल आयुर्वेदिक औषधालय वादेपिपल, सुर्खेत । |
| ११. श्री होमनाथ देवकोटा | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय पालुङटार, गोर्खा | प्रमुख कविराज, सेती अञ्चल आयुर्वेदिक औषधालय चनुकाँण, डोटी । |
| १२. श्री प्रेमलाल श्रेष्ठ | कविराज, जिल्ला प्रमुख आयुर्वेदीय औषधालय रिडिघाट, गुल्मी | प्रमुख कविराज, महाकाली अञ्चल आयुर्वेदिक औषधालय गाँजरी वैतडी । |

भरतराज बैद्य
महानिर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।